बैठक मिति: २०७९/३/१५
बैठक संख्या: २७

**छलफल तथा निर्णय:**

१. खानेपानी मन्त्रालयको अनुरोध बमोजिम "आयोजनाको बहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड २०७८" को दफा ३(४) बमोजिम घोराही सहलगानी खानेपानी तथा सरसफाई आयोजना र तुलसीपुर सहलगानी खानेपानी तथा सरसफाई आयोजना, दाङ्गलाई बहुवर्षीय आयोजनाको रूपमा सञ्चालन गर्न स्वीकृति दिने ।

२. शहरी विकास मन्त्रालयबाट प्राप्त राष्ट्रिय शहरी नीति, २०७९ को मस्यौदामा आयोगको बैठकमा उठेका विषयहरू समेत समावेश गरी राय सुझाव उपलब्ध गराउने।

३. प्रदेश तथा स्थानीयतहको अनुरोध बमोजिम विशेष तथा समपुरक अनुदान बाट सञ्चालित क्रमागत र अधुरा आयोजनाहरू सम्पन्न गर्न थप बजेट व्यवस्था गरिदिन अर्थ मन्त्रालयमा लेखी पठाउने।

४. राष्ट्रिय योजना आयोगको चालु आर्थिक वर्षको बजेट तथा खर्चको अवस्था र आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रमका सम्बन्धमा छलफल गरियो।